नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७९/८०
चलानी नम्बर:- २३५८

मिति:- २०७९/१०/१८

विषय:- राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह (सबै), मकवानपुर ।

श्री जिल्लास्थित सरकारी कार्यालय (सबै), मकवानपुर ।

श्री जिल्लास्थित सार्वजनिक संस्थान (सबै), मकवानपुर ।

प्रस्तुत सन्दर्भमा श्री गृह मन्त्रालय, स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ४३१, मिति २०७९-१०-११ को पत्रको छायाँप्रति पाना १ (एक) यसै पत्रसाथ संलग्न छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन गर्नु, गराउन हुन आदेशानुसार अनुरोध छ ।

२०७९।१०।१८

गुणराज प्रसाद न्यौपाने
प्रशासकिय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल

(स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा)

☎ ०१-४२००००३
०१-४२११२६६
फ्याक्स ०१-४२११२१६
ईमेल- localadmin@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल।


पत्र संख्याः- ०७९/०८०
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४३९

मितिः- २०७९/१०/११

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

विषयः- <u>राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन सम्बन्धमा।</u>

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारका नाममा प्राप्त भएका सिफारिस कार्यान्वयनको अवस्थाको लागि लेखी आएको सन्दर्भमा दलित समुदायलाई मन्दिरमा प्रवेशमा निषेध गरिएको लगायत दलित समुदायप्रति जातीय विभेद भएका घटनाहरूको सम्बन्धमा देहाय बमोजिम गर्न गराउन मिति २०७९/१०/११ को निर्णय (सचिवस्तरीय) अनुसार यो परिपत्र गरिएको छ।

<u>देहाय:</u>

नेपालको संविधान २०७२ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक मौलिक हकको रूपमा रहेको तथा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ समेत लागु भइसकेको सन्दर्भमा जातीय विभेदजन्य कार्यका सम्बन्धमा शुन्य सहनशीलता अपनाउनु हुन तथा नेपालको संविधान २०७२ तथा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयन गर्न गराउनु हुन।

(संजय अधिकारी)
शाखा अधिकृत

श्री प्रमुखज्यू

- सबै स्थानीय तहहरु र कार्यालयमा आवश्यक कार्यान्वयनको लागि पत्राचार गरौं।
- सबै फाँटमा (जि. प्रशा. का.) जानकारी गराऔं। कार्यान्वयन ([illegible]) गरौं।

२०७९/१०/१२

जिल्ला प्रशासन कार्यालय
हेटौंडा, मकवानपुर
दर्ता नं.: ९२३९
मिति: २०७९/१०/१२